## संशोधित वनियोजन ऐन २०७७ :

खोटेहाङ गाउँपालिका, खोटाङको आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको संशोधित ऐन

**प्रस्तावना** : खोटेहाङ गाउँपालिका, खोटाङको आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम खोटेहाङ गाउँपालिका, खोटाङको गाउँ सभाले यो संशोधित ऐन बनाएको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम "खोटेहाङ गाउँपालिका, खोटाङको संशोधित विनियोजन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

### २. आर्थिक वर्ष २०७७/०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :

(१) आर्थिक वर्ष २०७७।०७८ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु. ५४ करोड ८१ लाख १८ हजार ४३ रुपैयाँ ८२ पैसा**मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

### ३ . विनियोजन :

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक बर्ष २०७७।०७८ को निमित्त खोटेहाङ गाउँपालिका, खोटाङको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालू तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ । (३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

खोटेहाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, खोटाङ खोटाङबजार, २०७३

प्रदीप राई
गाउँपालिका अध्यक्ष

# अनुसूची : १

नेपालको संविधानको धारा २२९ (२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम(दफा २ संग सम्वन्धित)

| आय तर्फ | | | व्यय तर्फ | | | |
|---|---|---|---|---|---|---|
| आय शिर्षक | | आ.व. २०७७/७८ को प्रस्तावित आय रकम | बजेट शिर्षक नं. | व्यय शिर्षक | आ.व. २०७७/७८ को प्रस्तावित व्यय रकम | खर्च स्रोत |
| २.१.१.२ नेपाल सरकारबाट प्राप्त अनुदान | | | | | | |
| संघीय सरकारको अनुदान | वित्तीय समानीकरण | ९६४००००० | २११११ | तलब | १२५०००००.०० | राजश्व बाँडफाँड |
| | राजस्व बाँडफाँड | ७६००७७२२ | २११३१ | स्थानीय भत्ता | २१०००००.०० | राजश्व बाँडफाँड |
| | सशर्त अनुदान | २१८७००००० | २११३२ | महंगी भत्ता | १२०००००.०० | राजश्व बाँडफाँड |
| | समपुरक अनुदान | ० | २११४१ | पदाधिकारी बैठक (कार्यपालिका, गाउँसभा र अन्य) | १५०००००.०० | राजश्व बाँडफाँड |
| | विशेष अनुदान | ५०००००० | २१११२ | पदाधिकारी सेवा सुविधा | ६९१२०००.०० | राजश्व बाँडफाँड |
| | सामाजिक सुरक्षा | ७००००००० | २११२१ | पोशाक भत्ता | ५०००००.०० | राजश्व बाँडफाँड |
| | बहुक्षेत्रीय पोषण कार्यक्रम | २४०५००० | २२१११ | धारा पानी बिजुली | ३०००००.०० | राजश्व बाँडफाँड |
| | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ३०००००० | २२११२ | सञ्चार महशुल | ७०००००.०० | राजश्व बाँडफाँड |
| | साना सिचाई कार्यक्रम | १७१५०३२२ | २८१४२ | घर भाडा | ७०००००.०० | राजश्व बाँडफाँड |
| | गरिवसंग विश्वेश्वर कार्यक्रम | ८००००० | २८१४९ | अन्य भाडा (गोदाम गाडी आदि) | ३०००००.०० | राजश्व बाँडफाँड |
| | प्रधानमन्त्री रोजगार कार्यक्रम थप | २२२३००० | २२२११ | इन्धन (पदाधिकारी) | ७०००००.०० | राजश्व बाँडफाँड |
| संघीय सरकारको जम्मा अनुदान | | ४९१६८६०४४ | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ५०००००.०० | राजश्व बाँडफाँड |
| प्रदेश सरकारको अनुदान | वित्तीय समानीकरण | ६९९२००० | २२२२१ | सञ्चालन तथा मर्मत संभार खर्च | ७५००००.०० | राजश्व बाँडफाँड |
| | सवारी कर बाँडफाँड | ५४४०००० | २२२१४ | बीमा तथा नविकरण (सवारी साधन) | २०००००.०० | राजश्व बाँडफाँड |
| | सशर्त अनुदान | ० | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री खर्च | २१०००००.०० | राजश्व बाँडफाँड |
| | विशेष+समपुरक अनुदान | १००००००० | २२४१९ | अन्य सेवा शुल्क | ९५०००००.०० | राजश्व बाँडफाँड |
| प्रदेश सरकारको जम्मा अनुदान | | २२४३२००० | २२२११ | अवकाश कोष | १००००००.०० | राजश्व बाँडफाँड |
| आन्तरिक आम्दानी | | ३३००००० | २२६११ | अनुगमन मूल्यांकन | २००००००.०० | राजश्व बाँडफाँड |
| जम्मा आन्तरिक श्रोत आम्दानी | | ३३००००० | २२६१२ | भ्रमण खर्च | ३०००००.०० | राजश्व बाँडफाँड |
| गत वर्षको नगद मौज्दात | | ३०७००००० | २२७११ | विविध खर्च | १७०००००.०० | राजश्व बाँडफाँड |
| | | | २११३९ | अन्य भत्ता(शिम् स्याहार, अतिरिक्त समय भत्ता, दशै तिहार, पालो पहरा) | २०००००.०० | राजश्व बाँडफाँड |
| | | | २१२११ | सामाजिक सुरक्षा कोष(करार, डोर हाजिरी) | ५०००००.०० | राजश्व बाँडफाँड |
| | | | २२७१२ | सभा सञ्चालन खर्च | २०००००.०० | राजश्व बाँडफाँड |
| | | | २८१४३ | सवारी साधन तथा मेशिन औजार भाडा | २०००००.०० | राजश्व बाँडफाँड |
| | | | २८९११ | भैपरी आउने चालु खर्च | १००००००.०० | राजश्व बाँडफाँड |
| | | | | प्रशासनिक चालु | ४७५६२०००.०० | |
| | | | २२५२२ | चालु कार्यक्रम | ३३१४५७२२.०० | राजश्व बाँडफाँड |
| | | | | क. चालु जम्मा खर्च | ८०७०७७२२.०० | |
| | | | | पालिका स्तरीय | ९३३५४७४६.१६ | संघ, प्रदेश तथा आन्तरिक आम्दानी |
| | | | | वडा स्तरीय | ४४७७२५३.८४ | संघिय वितिय समानिकरण |
| | | | | ख. पूँजिगत जम्मा खर्च | १३८१३२०००.०० | |
| | | | | ग.सशर्त अनुदान | २१८७०००००.०० | |
| | | | | ङ.विशेष अनुदान | ५००००००.०० | नेपाल सरकार विशेष अनुदान |
| | | | | च. सामाजिक सुरक्षा | ७००००००० | नेपाल सरकार सशर्त |
| | | | | छ. बहुक्षेत्रीय पोषण कार्यक्रम | २४०५००० | नेपाल सरकार सशर्त |
| | | | | ज. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ३०००००० | नेपाल सरकार सशर्त |
| | | | | झ. साना सिंचाई कार्यक्रम | १७१५०३२२ | नेपाल सरकार सशर्त |
| | | | | ञ. गरिवसंग विश्वेश्वर कार्यक्रम | ८००००० | नेपाल सरकार सशर्त |
| | | | | ट. प्रधानमन्त्री रोजगार कार्यक्रम थप | २२२३००० | नेपाल सरकार सशर्त |
| | | | | ठ. प्रदेश समपूरक अनुदान | १००००००० | नेपाल सरकार सशर्त |
| वास्तविक कुल आय जम्मा | | ५४८११८०४३.८२ | | वास्तविक कुल व्यय जम्मा | ५४८११८०४३.८२ | |

प्रदीप राई
गाउँपालिका अध्यक्ष